वर्ष १६ | अंक २६० | काठमाडौं | मंगलवार, २९ असार २०७८ | Tuesday, 13 July 2021 | पृष्ठ ८ | मूल्य रु. १०

@abhiyannationaldaily
@arthik_abhiyan

आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

www.abhiyandaily.com

मूल्य अन्वेषणका लागि प्रारम्भिक सत्र ४

नेपाल फाइनान्सको एकीकृत कारोबार सुरु ३

राष्ट्रिय आविष्कार केन्द्रद्वारा थवाङमा अक्सिजन मिनी प्लान्ट स्थापना ७

सुपर मारियो ६४ को प्रतिलिपि लिलामीमा १५ लाख डलरभन्दा धेरैमा बिक्यो ८






## नेपाल सरकार

## वन तथा वातावरण मन्त्रालय

**प्रदेश नं १ अन्तर्गत संखुवासभा जिल्लाको चिचिला गाउँपालिका, सिलीचोङ गाउँपालिका र खाँदबारी नगरपालिका तथा भोजपुर जिल्लाको सालपासिलिछो गाउँपालिका र षडानन्द नगरपालिकामा प्रस्तावित तल्लो अरुण जलविद्युत आयोजना प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनमा राय सुझावको लागि आह्वान गरिएको सार्वजनिक सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७८/०३/२९**

प्रस्तावक नेपाल सरकार श्री विद्युत विकास विभागले प्रदेश नं १ अन्तर्गत संखुवासभा जिल्लाको चिचिला गाउँपालिका वडा नं. २ र ३, सिलीचोङ गाउँपालिका वडा नं. ४ र ५, खाँदबारी नगरपालिका वडा नं. २, १० र ११ तथा भोजपुर जिल्लाको सालपासिलिछो गाउँपालिका वडा नं. १ र षडानन्द नगरपालिका वडा नं. १, ५ र ६ मा ४७४.२५ मेगावाट क्षमताको तल्लो अरुण जलविद्युत आयोजना प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन पेश गरेको छ।

प्रस्ताव अनुसार यस जलविद्युत आयोजनाले संखुवासभा जिल्लाको चिचिला गाउँपालिका वडा नं. २ र ३, सिलीचोङ गाउँपालिका वडा नं. ४ र ५, खाँदबारी नगरपालिका वडा नं. २, १० र ११ तथा भोजपुर जिल्लाको सालपासिलिछो गाउँपालिका वडा नं. १ र षडानन्द नगरपालिका वडा नं. १, ५ र ६ मा अवस्थित अरुण नदीमा सिलीचोङ गाउँपालिका वडा नं. ५ र चिचिला गाउँपालिका वडा नं. २ स्थित तोम्बेवेशीमा ५५.० मीटर उँचाई र ३३५ मीटर लामो बाधँ निर्माण गरी १२.४०४ मीटर लामो हेडरेस टनेलबाट पानी लगेर संखुवासभा जिल्लाको खाँदबारी नगरपालिका वडा नं. २ स्थित बेतीनीमा भुमिगत पावरहाउस निर्माण गरी विद्युत उत्पादन गर्ने र ५९९.०० मीटर लामो निकास (Tailrace Tunnel) मार्फत प्रयोग गरिएको पानी पुनः अरुण नदीमा छाडने प्रस्ताव गरिएको छ।
यस आयोजनाले मकालु वरुण राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्र, वन क्षेत्र तथा सरकारी क्षेत्रको १३१.९४९ हेक्टर जग्गा र २९.९७ हेक्टर नीजि जग्गा गरी जम्मा १६१.९१९ हेक्टर स्थायी तथा अस्थायी रुपमा प्रयोग गर्ने गरी प्रस्ताव गरिएको छ।

वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९ को उपनियम (६) बमोजिम यस प्रतिवेदनमा राय-सुझाव दिनका लागि सर्वसाधारणले प्रतिवेदन पढन वा उतार गरी लैजान पाउने ब्यबस्था रहेकोले श्री विद्युत विकास विभाग, सानो गौचरन, काठमाडौं प्रस्तावक रहेको तल्लो अरुण जलविद्युत आयोजना प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन देहाय बमोजिमका स्थानहरुमा सार्वजनिक गरिएको र वन तथा वातावरण मन्त्रालयको Web Site: www.mofe.gov.np मा समेत सार्वजनिक गरिएको छ। प्रतिवेदनमा उपयुक्त राय सुझाव प्राप्त भएमा यस मन्त्रालयले उक्त प्रस्ताव कार्यान्वयनका लागि स्वीकृति दिने क्रममा त्यस्ता राय/सुझावहरुलाई समेत ध्यानमा राखिनेछ। उक्त प्रतिवेदन सम्बन्धमा सर्वसाधारण ब्यक्ति वा संस्थाको कुनै राय/सुझाव भए यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले सात (७) दिन भित्र आफ्नो राय सुझाव निम्न ठेगानामा पठाई दिनु हुन यसै सूचना द्वारा आव्हान गरिन्छ।

**प्रतिवेदन अध्ययन वा उतार गर्न सकिने स्थानहरु:**

श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको पुस्तकालय, बबरमहल, काठमाण्डौ।
श्री ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री नेपाल राष्ट्रिय पुस्तकालय, हरिहर भवन, ललितपुर।
श्री त्रिभुवन विश्वविद्यालय, केन्द्रिय पुस्तकालय, किर्तिपुर, काठमाण्डौ।
श्री पुस्तकालय, संसद सचिवालय, सिंहदरवार, काठमाण्डौ।
श्री आदिवासी तथा जनजाति महासंघ नेपाल, कुसुन्ती, ललितपुर। (फोन नं. कुसुन्ती-५५५५४५४, महाराजगंज-४४१५३७६)।
श्री जिल्ला समन्वय समितिको कार्यालय, संखुवासभा, खाँदवारी।
श्री जिल्ला समन्वय समितिको कार्यालय, भोजपुर, भोजपुर।
श्री खाँदबारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, खाँदबारी, संखुवासभा।
श्री चिचिला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, चिचिला, संखुवासभा।
श्री सिलीचोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, ताम्कु, संखुवासभा।
श्री साल्पासिलिछो गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, चौकीडाँडा, भोजपुर।
श्री षडानन्द नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दिङ्गला, भोजपुर।

**राय सुझाव पठाउने ठेगाना**

**वन तथा वातावरण मन्त्रालय,**
**वातावरण प्रभाव अध्ययन शाखा,**
सिंहदरवार, काठमाण्डौ।
फो.नं. ०१-४२११५६७, ४२११६३८, फ्याक्स नं. ०१-४२११८६८
email : rayasujhab@gmail.com